# *तीन घुम्ती* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतना

*जीवनाथ तिवारी**

**Email: jeevnathtiwari219@gail.com**

**लेखसार**

*उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासले इन्द्रमायाका माध्यमबाट नेपाली समाजमा विद्यमान पितृसत्ताको उत्पीडन तथा विभेदलाई अभिव्यक्त गरेको छ । नेपाली समाजको विकासमा युगौंदेखि सामन्तवादी संस्कारको प्रभाव रहेको देखिन्छ । सामन्ती समाजको परिवारमा सामन्तवादको प्रभाव रहेको देखिन्छ । नेपाली समाजमा पुरुषको शासकीय वर्चस्व रहेको पाइन्छ । सामन्ती समाजमा परिवारभित्र बाबुको भूमिका रहेको देखिन्छ । नेपाली समाजमा पनि परिवारभित्र बाबुको भूमिका प्रमुख रहेको पाइन्छ । छोराहरूलाई बाबुको सम्पतिको हकदार मानिने कुरा वर्तमानमा पनि कायम रहेको देखिन्छ । समाजमा महिलाको भूमिका स्वतन्त्र रहेको देखिँदैन, किनभने नारीको विवाह नहुँदासम्म उसले बाबुको रेखदेखमा चल्नुपर्ने हुन्छ त्यस्तै विवाहपछि पतिका आदेशमा चल्नुपर्ने हुन्छ भने बुढ्यौलीमा छोराको अधिनमा जीवन चलाउनुपर्ने भएकाले उनीहरू जन्मदेखि मृत्यु नहुँदासम्म पुरुषकै बन्धनमा रहेको देखिन्छ । नारीलाई स्वतन्त्रता चाँहिदैन भन्ने नेपाली समाजको क्रियाकलाप विपरीत इन्द्रमायाले जन्म घरमा बाबुको आज्ञा अवज्ञा गरी पर्वते बाहुन केटालाई आफै पति वरण गर्नु, विवाह घरमा पतिसँग मात्र सहवास गरेर बच्चा जन्माउनुपर्ने सामाजिक परम्परा विपरीत अन्य पुरुषबाट गर्भधारण गरेर छोरी जन्माउनु, पति र छोरी मध्ये एकलाई रोज्नुपर्दा मातृत्वलाई महत्त्व दिएर पतिको सहाराविना पनि नारीहरूले जीवन चलाउन सक्छन् भन्ने प्रतिरोधी चेतना प्रस्तुत गरेकी छ ।उसको पितृसत्ता विरुद्धको विद्रोहले सचेत नारीहरु लैङ्गिक विभेदका लागि सङ्घर्ष गरेर आफ्नो स्वपन कायम राख्न सक्षम रहेको देखिन्छ ।*

शब्दकुञ्जी : निषेधाज्ञा, उपासिकाहरू, सहवास, असती, अनाथालय, अकिञ्चन



* उपप्राध्यापक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)

# SEXUAL HARASSMENT AND RESISTANCE CONSCIOUSNESS IN THE *TINGHUMTI* NOVEL

***Jibanatha Tiware***

## Abstract

*Novelist Bishweshwar Prasad Koirala's Tinghumti novel has expressed the oppression and discrimination of patriarchy in Nepali society through Indramaya. Feudal culture seems to have influenced the development of Nepali society for ages. Feudalism seems to have an influence on the family of feudal society. In Nepali society, male domination is found. In feudal society, the role of father seems to be within the family. In Nepali society too, the role of father is found to be prominent in the family. The fact that sons are considered to be entitled to father's property seems to be maintained even today. The role of women in the society does not seem to be independent, because a woman has to be under the care of her father till she gets married. Contrary to the Nepali society's practice that women do not want freedom, Indramaya disobeys her father's orders at home and chooses a mountain Brahmin boy as her own husband. It has presented a resistance consciousness that women can lead a life even without the support of their husbands. Her revolt against patriarchy seems to have enabled conscious women to maintain their dream by fighting for gender discrimination.*

Keywords: Prohibition, Worshipers, Cohabitation, Asati, Orphanage, Akinchan

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यका विविध विधामा कलम चलाउने व्यक्तित्व हुन् । उनले बढी सफलता प्राप्त गरेको विधा आख्यान हो । उनका *तीन घुम्ती* (२०२५), *सुम्निमा* (२०२७), *नरेन्द्र दाइ* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) *बाबु आमा र छोरा* उपन्यासहरू प्रकाशित छन् । यिनै आख्यानात्मक कृतिहरूले कोइरालाका औपन्यासिक प्रवृत्तिहरूको उद्घाटन गर्दछन् । कोइरालाका उपन्यासले व्यक्तिको व्यक्तित्वको खोजी गरेका छन् । यस क्रममा व्यक्तिले भोग्नुपर्ने अनेक प्रकारका उतारचढावलाई पात्रका माध्यमबाट पुष्टि गर्दछन् उनका उपन्यासहरूले नेपाली समाजमा विद्यमान रहेको दार्शनिक चिन्तन, सामाजिक संरचना, परम्परागत चिन्तन, मानवीय अस्तित्व, आत्मिक तथा जैविक प्रेम, मानवीय नियति वैचारिकता र मानवताजस्ता पक्षलाई सशक्त रूपमा अभिव्यक्त गरेका छन्

कोइरालाको *तीन घुम्ती* उपन्यासलाई अस्तित्ववादी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण र व्याख्या गरिएको पाइन्छ । प्रस्तुत उपन्यासको विश्लेषण गर्ने क्रममा उपन्यासकी प्रमुख नायिका इन्द्रमायाका १६, २५र २७ वर्षका उमेरलाई विशेष रूपमा लिएर त्यसैका आधारमा उपन्यासको विश्लेषण गरेको पाइन्छ । अस्तित्ववादी दृष्टिले हेर्दा एउटी नारीले आफ्नो अस्तित्व कायम गर्न बाबुसँग गर्नुपरेको प्रतिरोध, विवाहित

भइसकेपछि पतिसँग गर्नुपरेको प्रतिरोधमा पितृसत्ता नै सशक्त रूपमा बाधक देखिन्छ  सामन्तवादले युगौंयुगदेखि जरा गाडेर बसेको छ जसको प्रभाव परिवारमा पुरुषले खेल्ने भूमिकाले पुष्टि गर्दछ । सामन्तवादी मूल्य मान्यतामा विकसित समाजमा पुरुष सत्ताले वर्चस्व कायम गरेको हुन्छ भने नारीहरू पुरुषका आदेशका पालनकर्ता मात्र हुन पुग्छन् । परिवारमा छोराहरूलाई बाबुको सम्पतिको हककर्ताको रूपमा लिइन्छ भने छोरीहरूलाई विवाह गरेर पराइ घर जाने भनेर उपेक्षा गरिन्छ । हिन्दू वर्णाश्रममा विकसित नेपाली समाजमा नारीले अविवाहित हुन्जेलसम्म पिताको संरक्षकत्वमा रहनुपर्ने, विवाहित भइसकेपछि पतिको र बुढयौलीमा छोराहरूको अधिनमा बस्नुपर्ने मान्यताका विपरीत उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले सामन्तवादी समाजको पितृसत्ताका विरुद्धमा प्रतिरोध गरेकी छ । इन्द्रमायाले लैङ्गिक उत्पीडनका प्रतिरोधमा उत्रिँदै बाबुको आज्ञाको अवज्ञा गरेर आफैले पतिको चयन गरेकी छ । उसले नारीलाई धर्तीसँग तुलना गरेर सामाजिक परम्परा विपरीत अन्यबाट बीज लिएर आफ्नो कोख भरेकी छ भने पति र पुत्री दुई मध्ये कसलाई रोज्ने भन्ने निर्णय गर्नुपर्दा पुत्रीलाई रोजेर मातृत्वलाई महत्त्व दिएकी छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत लेखमा लैङ्गिकताका दृष्टिकोणबाट *तीन घुम्ती* उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासका आख्यान सन्दर्भले युगौंदेखि विकसित नेपालको सामन्तवादी संरचनाको उद्घाटन गरेको छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले पुरुषलाई महत्त्वदिएर उसको सर्वोपरितालाई स्वीकार्नुपर्दा नारीहरू उत्पीडित हुनु परेको वास्तविकताको अभिव्यक्ति पाइन्छ । सामन्तवादी समाजमा व्यक्तिहरू आर्थिक, सामाजिक, राजनैतिक रूपमा सम्पन्न तथा चेतनशील भए पनि पितृसत्तात्मक संरचनाका कारण यथास्थितिमा रहेको कारण इन्द्रमायालाई बाबु, पति र प्रेमीले गरेको दमित व्यवहारले पुष्टि गर्दछ । नेपाली समाजको लैङ्गिक अवस्था केकस्तो रहेको छ र पितृसत्ताले नारीमाथि केकस्तो दमन गरिरहेको छ त्यस्ता प्रवृत्तिका विरुद्धमा नारीहरूमा केकस्तो प्रतिरोधी चेतनाको विकास भएको छ भन्ने सन्दर्भका कोणबाट तीन धुम्ती उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले भोग्नुपरेको लैङ्गिकताका बारेमा विश्लेषण गरिएको छ । *तीन घुम्ती* उपन्यासमा विकसित सामन्तवादी सामाजिक संरचनाकाकारण पितृसत्ताद्वारा उत्पीडन र दमनमा पर्दा सचेत नारीहरूले गरेको प्रतिरोधी अवस्थाको उद्घाटन गर्नु नै प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ ।

## अध्ययनविधि

सांस्कृतिक अध्ययनका विभिन्न क्षेत्रहरूमध्ये लैङ्गिकता पनि एक प्रमुख क्षेत्र हो । यसले महिला र पुरुषलाई फरक दृष्टिले हेर्ने तथा विभेदकारी व्यवहार गर्ने पितृसत्तात्मक परम्पराका विरुद्धमा आवाज उठाउँछ । यस अवधारणाले समतामूलक मानवतामुखी भई पूर्वाग्रहबाट मुक्त हुँदै महिला र पुरुषका बारेमा सन्तुलित न्यायसङ्गत दृष्टिकोणले सामाजिक संरचनाको व्याख्या गर्दछ । समाजमा महिला र पुरुषले सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक दृष्टिले समान हैसियतमा बाँच्न पाउनु पर्दछ भन्ने मान्यतालाई सन् १९७० को दशकबाट निकै तार्किकताका साथ अगाडि आए पनि यसले लामो श्रृङ्खला पार गरेको छ  नारी र पुरुषका बीचको सम्बन्ध तथा तिनले भोग्दै आएको भिन्न सामाजिक जीवनबारे चिन्तन मनन् गर्ने परम्पराको सुरुवात बेलायती लेखक मेरी उलस्टन क्राफ्टले आफ्नो पुस्तक अ भेन्डिकेसन अफ उमन सन् १९७२ मार्फत गरकी हुन् । उनको लेखन पद्धतिलाई त्यसपछिका जोन स्टुआर्ट मिल, ह्यारिस टेलर, मोल मार्गरेट, भर्जिनिया उल्फजस्ता नारीहरूले जोडतोडका साथ अगाडि बढाएको दखिन्छ । यसै प्रसङ्गमा फ्रान्सेली अस्तित्ववादी लेखक तथा चिन्तक सिमोन दि बुभाको द सेकेण्ड सेक्स पुस्तकको प्रकाशनसँगै विश्वसाहित्य र समालोचना जगत्मा महिला पुरुषको असन्तुलित स्वरुपलाई लैङ्गिक अवधारणाका आधारमा नियाल्ने चिन्तनको विकास भएको हो । यसरी विकास भएको लैङ्गिक समालोचना विश्वसाहित्यमा केही ठाउँमा बढी त केही ठाउँमा कम महत्त्वपाई पेचिलो मुद्दाका रूपमा विश्वभर अगाडि बढिरहेको देखिन्छ । विश्वमा विकास भइरहेका अधुनातन समालेचनात्मक पद्धतिहरूले नेपाली साहित्यलाई पनि प्रभाव पार्दै लगेको छ । सांस्कृतिक अध्ययनका विभिन्न क्षेत्रहरूमध्ये

लैङ्गिकताका आधारमा तीन घुम्ती उपन्यासलाई पितृसत्ता र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरिने भएकाले यो मुख्यतः निगमनात्मक विधिमा केन्द्रित छ । स्थापित सिद्धान्तका आधारमा अध्ययन गरिने भएको भए पनि उपन्यास विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिलाई पनि अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्यायधार वा विश्लेषण

लैङ्गिक सम्बन्धी अध्ययन संस्कृतिका क्षेत्रमा विकसित पछिल्लो चरणमा देखा परेको साहित्यक मान्यता हो । अङ्ग्रेजी जेन्डर शब्दले सामाजिक सांस्कृतिक मान्यता प्राप्त गरेको धेरैपछि मात्र हो । अङ्ग्रेजी भाषाको जेन्डर शब्दको विकास ल्याटिनको जिनस शब्दबाट बनेको हो । जेन्डर शब्दले लिङ्ग, लैङ्गिकता, र यौनिकताको अध्ययन गर्ने भएकाले यसअन्तर्गत नै लैङ्गिकताको अध्ययन गर्न सकिन्छ (भट्टराई, पृ.१०६) ।

स्वविषयक र अन्तरविषयक लैङ्गिक अध्ययन नवीन विषय भए पनि यसको चर्चा प्राचीनकालदेखि नै महिला र पुरुषका विषयमा कुनै न कुनै रूपमा उल्लेख भएको पाइन्छ । प्राचीन ग्रिसेली समाजमा दर्शन, साहित्य र इतिहास आदि विषयमा नारी पुरुषका सतही अध्ययन भएको पाइन्छ । नारीवादी चेतनाका दृष्टिले पुँजीवादी युग सामनतवादी युगभन्दा प्रगतिशील र क्रान्तिकारी रहेको कुरा पुँजीवादी उत्पादनले श्रम तथा अन्य नोकरीमा महिलालाई सहभागी बनाएबाट पुष्टि हुन्छ ( भट्टराई, २०७७, पृ.१०९) । सन् १९६० को दशकलाई पितृसत्ता, लैङ्गिकता र महिलाबेचखिन र घरेलु हिसांका विरुद्धको दशकका रुपमा लिएको पाइन्छ । अमेरिकाली लैङ्गिक सचेतक बेट्टी फेडानको द फेमिनन(सन् १९६३) कृतिलाई यस दशकको लैङ्गिक अध्ययनको शक्तिशाली कृति मानिन्छ ( अधिकारी पृ.३६५) । यस कृतिले महिलाको सार्वजनिक स्थानमा हुने भेदभाव, अधिकारको क्षेत्रमा बञ्चितीकरण तथा कार्यस्थलमा महिलामाथि हुने विभेदका बारेमा चेतना प्रस्तुत गरेको छ -भट्टराई पृ.११४) । लैङ्गिक समानताका पक्षपातीहरूले शक्ति सामार्थ्य र स्वामित्वका कोणबाट लैङ्गिगक भिन्नता नियोजित रूपमा नै समाजमा कायम रहेको कुरा उल्लेख गरेका छन् पुरुषले स्त्रीमाथि आफ्नो अधिकार जमाउँदै जाँदा लैङ्गिक विभेद सामाजिक र संस्थागत बन्दै गएको धारणा नारीवादीहरूको रहेको छ (खनाल, २०७५,पृ.९) । लैङ्गिक रूपमा समानता कायम गराउने र नारीका पक्षमा बोल्ने सैद्धान्तिक मान्यता नारीवाद हो । सन् १९४९मा प्रकाशित फ्रान्सेली नारी लेखक साइमन ड बुभाको दि सेकेन्ड सेक्सलाई नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृति मानिन्छ ( शर्मा र लुइँटेल, २०६९, पृ.३७२) । एङ्गेल्सको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८४) भन्ने पुस्तकमा नारी दमनको प्रमुख कारणहरूको खोजी मात्र नभई नारी मुक्तिको अवस्थाका बारेमा पनि चर्चा गरिएको छ । महिला मुक्ति आन्दोलनलाईवर्गीय आनदोलनसँग जोड्दै महिला स्वतन्त्र हुनका लागि वर्गीय समाजको अन्त्य हुनपर्ने कुरामा जोड दिइएको छ लैङ्गिक समालोचनाको यो मार्क्सवादी पद्धति नै लैङ्गिक विश्लेषणको प्रमुख आधार हो (भट्टराई, २०६८पृ.२६१) । यस पद्धतिले परम्परागत मूल्यहरू सामाजिक सांस्कृतिक आधारमा निर्धारित हुने कुरालाई देखाइएको छ । समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू उत्पीडनमा परेको पाइन्छ ( पाण्डेय, २०७३, पृ.९९) । मार्क्सवादको यही पृष्ठभूमिमा स्थापना भएको लैङ्गिक अध्ययनको विकास नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन, सन्दिग्धतावादी लैङ्गिक अध्ययन लगायत अन्य विविध रूपमा देखापर्दै गएका छन् ।

## आख्यान सन्दर्भ

विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* उपन्यास पाश्चात्य समालोचनाका क्षेत्रमा विकसित अस्तित्वादी दर्शनका आधारमा व्याख्या विश्लेषण गर्दै आएको पाइन्छ । इन्द्रमायाका जीवनकालका तीनवटा विशेष अवस्थालाई महत्त्वदिएर शीर्षक नै तीन घुम्ती राखिएकाले पुष्टि हुन्छ । उपन्यासको *तीन घुम्तीमा* निहित आख्यान सन्दर्भले नेपाली समाजमा विद्यमान रहेको पितृसत्ताको अवस्थालाई तर्कपूर्णमा ढङ्गमा प्रस्तुत गरिएको छ पितृसत्तात्मक सामाजिक संरचनाको ऐतिहासिक कालखण्डबाट विकसित नेपाली समाजको सामाजिक संरचना वर्तमान अवस्थामा पनि निरन्तर अगाडि बढिरहेको छ । सामन्तवादी संस्कारको प्रभाव विभिन्न जातीय समुदायमा रहेको देखिन्छ । पितृसत्ताको सामाजिक संरचनामा निर्मित परिवारमा नै नारीलाई

हेर्ने दृष्टिकोण भिन्न रहेको छ । प्रस्तुत आख्यानमा इन्द्रमायाको बाबुले उसलाई सोह्र वर्षको उमेरमा कलेज पढ्दै गइरहेकी केटीलाई नेवार समुदायको केटासँग विवाह गरिदिन खोजेको छ । इन्द्रमायाले कलेजमा सँगै पढ्ने पर्वते बाहुन केटो पीताम्बरलाई मन पराएकी छ । इन्द्रमायाको बाबुको सम्बन्ध राजपरिवारसँग रहेको छ भने पीताम्बर राजपरिवारको विरोधी देखिन्छ । आमाले छोरी इन्द्रमायालाई नेवार समुदायको केटासँग मात्र विवाह हुन सक्ने कुरा गर्दा उसले पीताम्बरसँग विवाह गर्न पाए खुसी हुने अरुसँग विवाह नै नगर्ने कुरा गरेर नेवारको जातीय संस्कारलाई नै चुनौती दिएकी छ । छोरीको ढिपी बुझ्ेपछि बाबुआमाले कलेज पढ्न जान बन्द गरिदिएका छन् यसले गर्दा उसमा झन प्रतिरोधी भावनाको विकास भएर जसरी पनि पीताम्बरलाई वरण गर्नुपर्छ निर्णयमा पुग्छे । आमाले पीताम्बर राजखानदानको विरोधी भएको कुनै दिन राज्यबाट समातिन वा मारिन सक्ने कुरा गर्दा इन्द्रमायाले उसलाई अझ बढी माया गर्नुपर्ने तर्क गर्छे । इन्द्रमायाले आफूलाई घरभित्रै एक्लो मान्न थालकी छ । उसले बाबुआमालाई छाडेर एकदिन साँझ आइतेका रूपमा पीताम्बरको घरमा पुगेकी छ । नेपाली समाजमा संस्कार अनुरुप केटापक्षबाट केटी माग्न जाने प्रचलन रहेको छ तर परिवार तथा समाजलाई चुनौती दिएर साँझमा आफ्नो ढोकामा इन्द्रमायालाई देखेर आश्चर्यचकित हुँदै कत्रो आँट भनेको छ । उपन्यासको पहिलो घुम्तीमा इन्द्रमायाले परिवार र समाजका विरुद्ध विद्रोह गर्दै लैङ्गिक असमानताका पक्षमा आफूलाई उभ्याएकी छ ।

उपन्यासको दोस्रो घुम्तीमा इन्द्रमाया पीताम्बरकी पत्नी बन्दै उसकै घरमा गृहिणी र राजनैतिक विषयमा चासो राख्दै सल्लाह सुझाव दिने गर्छे । पीताम्बरले राजनीतिक वियषयमा अझ चासो बढाउँदै लगेको छ । उसको घरमा नेपालको राजनैतिक विषयलाई लिएर निकै विचार विमर्श हुने गरेको छ । पुरुषहरूले शस्त्रक्रान्तिका माध्यमबाट देसमा परिवर्तन ल्याउनु पर्छ भन्छन् भने इन्द्रमायाले शान्तिपूर्ण तरिकाले पनि राजनैतिक परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता राख्दछे । पीताम्बरका साथीहरूले इन्द्रमायालाई उमेर अनुसारको नाता लगाउँछन । पीताम्बरको साथी रमेश हँसिलो फरासिलो छ उसलाई देवर भने पनि मनको एउटा कुनामा छुट्टै रूपमा राखेकी छ । पीताम्बरले इन्द्रमायाको हलुका र फरासिलो व्यवहारप्रति शंका गर्दै पुरुषहरूका माझमा हाँसो ठट्टा गर्न निकै मन पर्छ भन्दछ । इन्द्रमायाले आफ्नो माया पीताम्बरलाई अझ कम भएको महसुस गर्दछे । पीताम्बरको राजनैतिक धपेडी बढ्दै गएकाले ऊ हप्ता दस दिनपछि घरमा आउने गरेकाले इन्द्रमायाले एक्लो अनुभूति गर्दै यस्तो अवस्थामा घरमा केटाकेटी भएको भए दिन कटाउन सजिलो हुने थियो भन्ने कल्पनामा डुब्दछे । इन्द्रमायाले पीताम्बरलाई खुसी बनाएर बच्चा जन्माउन आग्रह गर्ने निश्चयमा पुग्छे र सन्ध्यामा घरमा आइपुगेको पतिलाई नुहाउन पानी तताइदिन्छे र खाना खाइसकेपछि उसको शरीरमा तेल लगाउँदै बच्चा भए नियास्रो लाग्ने थिएन भन्दा तिमीमा पो बाँझो छ कि डाक्टरलाई देखाउन भन्दै ज्यादै थकित भएकाले सहवासका लागि तयार जाँगर कुरा गर्दछ । इन्द्रमायाले पीताम्बरको शरीर मालिस गर्दा ऊ निदाउन पुग्छ । इन्द्रमायाले रोएर रात कटाउँछे बिहान चारबजे सैनिकहरूले घर घेरा हालेर पीताम्बरलाई पक्रेर लिएर जान्छन् । पीताम्बर, रमेश लगायत सहरका युवाहरूलाई सैनिकले पक्रेर लग्यो । एक हप्तापछि रमेश जेलबाट छुटेर इन्द्रमायाको घरमा आउँदा उसले रमेशलाई मेरो देउता भनेर सम्बोधन गरेकी छ जुन कुरालाई लिएर रमेशले गलत अर्थ लगाएको छ । इन्द्रमायाले विपदमा परेको अवस्थामा रमेशलाई पाउँदा साहाराको देउता मानेकी हो तर रमेशले पतिदेवको अर्थ गलत लगाएर इन्द्रमायाको शरीरको भोग आतुर छ । इन्द्रमाया र रमेशसँगै बस्न थालेका छन् । रमेशको फरासिलो हँसिलो व्यवहारबाट इन्द्रमाया अत्यन्त प्रभावित भएकी छ । रमेशले इन्द्रमायासँग शरीर भोगका लागि आग्रह गर्दा सुरुका दिनमा अस्वीकार गरेकी छ । इन्द्रमायाले शरीर भोग, नारी शरीर र आत्मिक प्रेमलाई विभिन्न अर्थमा परिभाषित गरेर नारी शरीरलाई धर्तीसँग तुलना गर्दै रमेशबाट गर्भधारण शारीरिक सुख र पीताम्बरबाट गर्न चाहन्छे । इन्द्रमायाले आफ्नो पति जेलमा रहेको समयमा रमेशबाट बीज लिएर कोख भर्नु सामाजिक मूल्य मान्यता विपरीत हो जसका विपक्षमा ऊ गएकी छ यो नै इन्द्रमायाका जीवनमा घटेको दोस्रो घुम्ती हो ।

उपन्यासको तेस्रो घुम्तीमा प्रसव वेदनाले छटपटिएर इन्द्रमाया अस्पताल भर्ना भएकी छ । यता रमेशको सहवासबाट उसले छोरी पाएकी छ उता पीताम्बर जेलबाट छुटेर इन्द्रमायालाई भेट्न अस्पताल गएको छ । त्यहाँ उसले कुनै प्रतिक्रिया जनाएको छैन । पीताम्बर अस्पतालको गेटमा उभिएको देखेर नर्सहरूले बच्चाको बाबुलाई लाज लाग्छ जुन कुरा स्वाभाविक पनि हो भन्छन् । पीताम्बरले अस्पतालमा डेलिभरि चार्ज सोध्दा पहिले नै कसैले तिरिसकेको थाह पाउँछ । अस्पतालको दुई दिनको बसाई पछि इन्द्रमाया घरमा आउँछे । इन्द्रमायाले अर्काको बीजबाट छोरी पाए पनि पीताम्बरको मायालाई कमी हुन दिएकी छैन । उसले आफूले पाएकी छोरीलाई पीताम्बरले माया गरिदेओस् भन्ने चाहन्छे तर उसले रमाप्रति कुनै सद्भाव देखाउँदैन । छोरीका विषयलाई लिएर उनीहरूका बीचमा झगडा भइरहन्छ । पीताम्बरले इन्द्रमायालाई छोरीलाई अनाथालयमा राख्न वा रमेशलाई जिम्मा लगाएमा दुईको सम्बन्ध सहज हुने कुरा गर्छ । पीताम्बरका कुराले इन्द्रमायालाई अर्को निर्णय गर्न बाध्य पार्दछ । उसले सोंचेको पति प्रेम र बात्सल्य प्रेममा भिन्नता पाउँछे । उसले छोरीलाई अनाथालयमा राखे वा रमेशको जिम्मा लगाए पनि पीताम्बरले कुनै दिन आचरणहीन वेश्या भन्न सक्छ । छोरीले पति पत्नीको सम्बन्धमा के फरक पर्दछ भनेर इन्द्रमायाले पीताम्बरलाई प्रश्न गर्दछे । पीताम्बरले सामाजिक मर्यादाभन्दा बाहिर जान नसक्ने कुरा गर्छ त्यसपछि इन्द्रमायाले आफूले जन्माएको छोरी पाल्नु कर्तव्य सम्झन्छे । इन्द्रमायाले अवैध सम्बन्धबाट जन्माएकी छोरी र पीताम्बरसँग बस्न खोज्नु परम्परित समाजको मान्यता विपरीत हुने भएपछि इन्द्रमायाले छोरीलाई काखमा च्यापेर घरबाट निस्किएकी छ । उसले छोरी पाल्न कहिले टाइपिस्टको जागिर खाई त कहिले शिक्षकको पेशा अपनाउन पुगी ।

## पितृसत्ता र नारीप्रतिरोधी चेतना

पितृसत्ता भन्नाले कुनै सामाजिक एकाइको भूमिका निर्वाह गर्ने पुरुष प्रमुखद्धारा सञ्चालित प्रक्रिया हो । पितृसत्तात्मक सोंचर संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषका दाँजोमा सामाजिक मूल्य मान्यतामा कमजोर र मूल्यहीन मानिन्छन् (ढकाल, २०७०, पृ.३२७) । समाजमा रहेका प्रौढ तथा परिपक्व पुरुषकले युवा पुरुष, महिलाहरू र बालबालिकाहरूमाथि शक्ति र स्वामित्व कायम गर्ने परम्परागत मान्यता नै पितृसत्ता हो । मातृसत्ताको विनाश र पितृसत्ताको उदय नै लैङ्गिक उत्पीडनको मूल कारण मानिन्छ (वैद्य, २०७७, पृ.१९) । पितृसत्तात्मक समाजका संरचना तथा विचारमान्यताहरूविरुद्ध सङ्घर्ष गर्ने प्रतिबद्धता प्रायः सबै नारीवादीहरूको भए तापनि विभिन्न जात, धर्म, वर्ग आदिका नारीले प्रतिरोध गर्नुपर्ने मोर्चा फरक-फरक हुन सक्छ (उप्रेती, २०६९, पृ.२४९) । परिवार समाजमा जेष्ठ पुरुष वा बाबुको सर्वेसर्वा चल्ने, बाबुको नियन्त्रण वा आदेशमा परिवारका अन्य सदस्य रहनुपर्ने, बाबुको वंश परम्परा चल्ने व्यवस्था नै पितृसत्ता हो त्यसै गरी पुरुषको महिलामाथि संस्थागत प्रभाव रहेको पारिवारिक संरचनालाई पनि पितृसत्ता भन्न सकिन्छ । पितृसत्ता समाजको त्यस्तो अवस्था र व्यवस्था हो जसमा पारिवारिक संरचनादेखि सबै प्रकारका सामाजिक संरचनामा पुरुषको अधिनतालाई स्वीकार गरिएको हुन्छ (भट्टराई, २०७०, पृ.३६१) । पितृसत्तामा पुरुषको सामाजिक हैसियत उच्च हुनुको साथै सम्पतिमाथि पनि उसकै अधिकार रहन्छ । कानुनी, राजनीतिक तथा सामाजिक क्षेत्रमा पुरुषलाई बढी शक्ति र अधिकार प्रदान गरिन्छ । धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक र घरायासी सक्रियताजस्ता पक्षमा पुरुषकै निर्णायक भूमिका हुने मात्र नभएर महिलाको यौनिकता, प्रजनन् शक्ति, गतिशीलता, श्रम, सम्पति र उत्पादनमा पनि उनीहरूकै अधिकार र निर्णले महत्त्वपूर्ण भूमिका खेल्दछ । पितृसत्तात्मक व्यवस्था पनि धर्म, संस्कृति, वर्ग, क्षेत्र, परिवेश, भौगोलिकता आदि विविध पक्षमा रहेको हुन्छ । मार्क्सवादले पितृसत्तात्मक व्यवस्थाको विकासमा पुँजीवादी आर्थि पद्धतिले महत्त्ववपूर्ण भूमिका खेल्ने मान्दछ । यसले जबसम्म निजी सम्पति र प्रणालीको अन्त्य हुँदैन तबसम्म पितृसत्ता जीवित रहन्छ भन्ने कुरामा विश्वास गर्दछ ।

पितृसत्ता कुनै समाजको पुरुषले सत्ता लिने सामाजिक प्रणाली हो र यसमा परम्परागत मूल्य र मान्यताको निर्माण त्यही आधारमा भएको हुन्छ (ज्ञवाली, २०७७, पृ. १६) । पितृसत्ताको निर्मितिमा परम्परागत

लैङ्गिक भूमिका विभेदयुक्त अस्वस्थ र अनैतिक पनि हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष र महिला दुवैले परम्परागत विश्वास र भूमिकालाई स्वीकार पनि गरेका हुन्छन् । पितृसत्ता यस्तो विचारधारा हो जसमा महिला र पुरुष दुवै सामाजिक र सांस्कृतिक रूपमा परम्परागत भूमिका निर्माणमा अभ्यस्त भएका हुन्छन् (भट्टराई, २०७७, पृ.१२९) । पितृसत्ता नारीवाद र लैङ्गिक अध्ययनमा बढी प्रयोग हुने शब्द हो । यसको प्रचलन सन् १९६० को दशकमा बढी देखिए पनि एङ्गेल्सले सन् १८८४ मा नै पितृसत्ताको निर्मिति र स्वरुपका बारेमा व्यापक चर्चा गरेका थिए । पितृसत्ता सांस्कृतिक, आर्थिक र सामाजिक हैसियत प्राप्तिमा संस्थागत र व्यवस्थित संरचनाका रूपमा विकास हुँदै जाँदा यसले सामाजिक मूल्य र मान्यता पनि प्राप्त गरेको हुन्छ । यसै मूल्य मान्यताका कारण पितृसत्तात्मक विचारधारा पुरुषमा मात्र नभई महिलामा पनि निर्माण भएको हुन्छ भने परिवारको प्रमुख व्यक्तिमा मात्र नभएर अन्य व्यक्तिहरूमा पनि त्यस्तो संरचना कायम रहेको हुन्छ । समाजको वर्तमान संरचना पुरुषमुखी भएकाले महिलाहरू पुरुषबाट दमित हुन पुगेका देखिन्छन् । उनीहरू परिवारमा पनि पुरुषकै खटनपटनमा चल्नुका साथै पितृसत्तात्मक विचारधाराबाट नियन्त्रित हुन्छन् । पितृसत्ताको विचारधाराले परिवार, समाज, संस्कृति, अर्थतन्त्र र भाषामा समेत प्रभाव परेको हुन्छ (भट्टराई, २०७७, पृ.१३०) ।

कृतिभित्र रहेको पितृसत्ताद्वारा निर्मित लैङ्गिकता, लैङ्गिक दमन, परिवारमा महिला र पुरुषको भूमिका तथा लैङ्गिक चेतना, लैङ्गिक सामार्थ्य र सक्षमताको अवस्थाका आधारमा कृतिमा अभिव्यक्त पितृसत्ताको पहिचान गर्न सकिन्छ । यसैका आधारमा तीन घुम्ती उपन्यासको पितृसत्तात्मक संरचनाको विश्लषण गरिएको छ ।

## पहिलो घुम्तीमा अभिव्यक्त पुरुषसत्ता र नारीप्रतिरोधी चेतना

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासको पहिलो घुम्तीले नायिका इन्द्रमायाले जीवनमा पहिलो पटक लिएको निर्णयको उल्लेख गरेको छ । पितृसत्तात्मक सामाजिक संरचनाको लामो ऐतिहासिक कालखण्डबाट विकसित हुँदै आएको सामन्तवादी सामाजिक संरचनाको प्रभाव वर्तमान अवस्थामा पनि जीवितै रहेको देखिन्छ । सामन्तवादी संस्कारको प्रभाव नेपालका विभिन्न जातीय समुदायमा कुनै न कुनै रूपमा अझ पनि कायम रहेको छ । पितृसत्तात्मक सामाजिक संरचनामा निर्मित परिवारमा नारीलाई हेर्ने दृष्टिकोण भिन्न रहेको छ । परिवारमा बाबुको आज्ञापालन गर्नुपर्ने र उसको निर्देशनमा चल्नुपर्ने कुरालाई इन्द्रमायाको बाबुले छोरीको विवाहको लागि नेवार केटा खोज्दै हिडेको सन्दर्भले पुष्टि गर्दछ । बाबुले कलेजमा पढ्ने छोरीको विवाह बारेको धारणा बुझ्न नखोज्नु पितृसत्तात्मक सामाजिक संरचनाका कारणले हो । आमाले इन्द्रमायाको विवाहका लागि बाबुले नेवार समुदायको केटा खोज्दै गरेको कुरा गर्दा उसले पितृसत्ताप्रति प्रतिरोध गर्दै पीताम्बर छँदै छ नि । अर्थात् पीताम्बरसँग मेरो बिहा भए भइहाल्यो नि ! (कोइराला, पृ.३) । भनेर बाबुले खोजेको केटासँग विवाह नगर्ने कुरा गरेकी छ । छोरीका कुराले बाबुआमालाई अपमानित बनाएका कारण उसलाई कलेज जान बन्द गरिदिएका छन् । आमाले पीताम्बर पर्वते बाहुन हामी नेवार जातीय आधारमा पनि विवाह गर्न नमिल्ने कुरा गर्दा उसले "म पीताम्बर बाहेक कसैसँग सुखी हुन सक्दिन (पृ.४) । भनेर बाबुआमाको जातीय संस्कारको मान्यतालाई लत्याइदिएकी छ । बाबुआमाले बाहुन केटासँग विवाह गर्नु हुँदैन भन्दा साँझमा पीताम्बरको घरमा गएकी छ जुन पितृसत्ताको मूल्य मान्यता विपरीत रहेको छ । छोरीले केटा रोजेर गएकाले बाबुआमाले समाजमा आफ्नो इज्जत गएको कुरा "मेरा लागि इन्द्रमाया मरिसकेकी छ नगर त्यसका कुरा नभन मलाई कि ऊ कालीथानमा बस्छे कि कहाँ बस्छे र कोसँग ( पृ.९)" ले पनि पुष्टि गर्दछ । पितृसत्तात्मक सामाजिक संरचनाको पक्षपाती बाबुले छोरीको जीवनलाई भन्दा समाजमा आफ्नो इज्जतलाई महत्त्वदिएको छ । पितृसत्ताका कारणले गर्दा बाबुआमाहरू पनि यति कठोर हुन पुग्छन् भन्ने कुरा "त्यो बेस्सेकहाँ नजानु (पृ.१०)" ले पनि पुष्टि गर्दछ । प्रस्तुत कथांशले बाबुआमाको अनुमतिविना विवाह गर्ने केटीलाई बेस्यासँग तुलना गरेको देखाउँछ । इन्द्रमायाको जन्म घरमा मात्र होइन पति घरमा पनि पितृसत्ता जीवित रहेको छ । पीताम्बर पढेलेखेको शिक्षित राजनैतिक चेतना भएको व्यक्ति भए पनि पितृसत्तात्मक सामाजिक संरचनाबाट माथि उठ्न नसकेको कुरा "किन नरम्नु त यत्रो पुरुषको समाजमा तिमी मात्रै त एउटी नारी छयौ नि ! त्यसैले तिम्रो मूल्य

तिमीलाई लाग्दो हो, धेरै बढ्न गएको छ कसो (पृ.१४)"? ले पीताम्बर समाजको राजनैतिक अगुवा भए पनि पितृसत्तात्मक सामाजिक संरचनाबाट माथि उठ्न सकेको देखिदैन । इन्द्रमायाले पतिसँग पनि प्रतिरोध गरेकी छ । पीताम्बरले इन्द्रमायालाई  कसैले दिदी, कसैले बहिनी, कसैले भाउजू भनेर बोलाउँदा खुट्टा भुइमा छैनन् भनेर अपमानित गर्न खोज्दा उसले पीताम्बरलाई "तिमी नि ? बाहिरका सहरका धेरै केटीहरूका आँखाका नानी हुन पुगेका छौ रे नि ! (पृ.१५") । भनेर पुरुषसत्ताका विरुद्ध प्रतिरोध गरेकी छ । इन्द्रमायाले पीताम्बरलाई आफू केटाकेटीको आमा हुन मन लागेकाले बीज माग्दा उसले आफ्नो कमजोरी नस्वीकारी इन्द्रमायालाई "घरमा केटाकेटी भएनन् भनेर मलाई के सुनाएको ? तिमीमा पो कहीँ बिगार छ कि बन्ध्या......(पृ.२०) । भनेर पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएको पुरुष चरित्रको उद्घाटन गरेको छ किनभने उसले आफूलाई जाँच्न नपर्ने तर इन्द्रमायाले परीक्षण गराउनु पर्ने भनाइले पुष्टि गर्दछ ।

## दोस्रो घुम्तीमा अभिव्यक्त पितृसत्ता र  प्रतिरोधी चतना

उपन्यासको दोस्रो घुम्तीमा पनि पितृसत्ता कायम रहेको देखिन्छ । राजनीतिक विरोधका कारण पीताम्बर लगायत सहरका युवाहरूलाई सरकारका सेनाले पक्रेर जेलमा राखेको थियो । एक हप्तापछि रमेश जेलबाट छुटेर पीताम्बरको घरमा आएको छ जहाँ सहराविहीन इन्द्रमाया पतिको प्रतीक्षमा बसेकी थिई । आफ्ना अगाडि अचानक रमेशलाई देख्दा इन्द्रमायाले देवता आएजस्तो मानेकी छ । इन्द्रमायाले यस्तो विचार राख्नु स्वाभाविक पनि हो तर रमेशले सहाराको खोजीमा रहेकी एक्ली नारीलाई यौनका आँखाले हेर्न खोजेको छ  । रमेश विवाहित पुरुष हो ऊ त जेलबाट छुटेपछि आफ्नो घरमा जान पर्ने हो । इन्द्रमायालाई भाउजू भन्ने रमेशले उसलाई शारीरिक भोगका आँखाले हेर्न थालेको छ । इन्द्रमायाले जेलमा पीताम्बरले के खाए होलान् भनेर चिन्तित हुँदा रमेशले "तपाईंका पीताम्बर पनि बाँचेकै हुनुहुन्छ र तपाईंले यो बिर्सन हुन्न कि तपाईंका अरू पनि धेरै माया गर्ने मानिस होलान् पीताम्बरको जस्तो नभए पनि ......?" (पृ.२३) भनेका विचारले उसले भाउजूको सम्बन्धलाई भुलेर इन्द्रमायाको शरीरसँग खेल्न चाहेको छ । उसले इन्द्रमायालाई फकाउन "तपाईंलाई देखेर मन त्यस्सै खुसी हुन्छ । तर पेटको भोक पनि त्यस्सै बढ्छ ।" अनेक बहानाबाजी गर्दै प्रस्ट रूपमा नै शरीर भोग र पेटको भोक एकसाथ जागेको कुरा गर्छ । इन्द्रमायाले एकदुई दिन रमेशलाई पन्छाउन खोजे पनि सम्भव हुँदैन । उसले भाउजू तपाईंबाट इन्द्रमाया र तिमी भनेर सम्बोधन गर्न थालेको मात्र होइन " इन्द्रमाया ! तिमीले यसरी विधवाको जस्तो व्यवहार गरेको म सहन सक्दिन । म तिमीलाई माया गर्छु बुझ्यौ" ?(पृ.३५) भन्ने अभिव्यक्तिले आफ्नो भूमिका नै बिर्सिएर भोगमा मात्र निर्लिप्त हुन खोजेको देखाउँछ । रमेशले एकोहोरो भोगका लागि ढिपी गरिरहेपछि उसले "के एउटी एक्ली नारी छ भनेर बलात्कारमा उद्त भएका छौ तिमी रमेश (पृ.४०)"। रमेशलाई एक्ली देखेर बलात्कार गर्न खोज्ने भन्दै उसका यौनिक व्यवहारप्रति प्रतिरोध गरेकी छ । पीताम्बरले इन्द्रमायालाई बच्चा नजन्मनुको कारणबारे डाक्टरसँग बुझ्न सुझाएकामा उसले आफ्नो दोष देखेकी थिइन । ऊ उपयुक्त पर्खाइको मौकामा थिई । रमेशसँगको सम्बन्ध बढ्दै गएपछि उसैबाट गर्भधारण गरेर पीताम्बरको आरोपलाई मिथ्या प्रमाणित गर्न चाहन्थि । त्यसैले रमेशसँग सहवास गरेर गर्भधारण गरी पीताम्बरलाई चुनौती दिएकी छ । इन्द्रमायाले आफ्नो धर्ती बाँझो नभएको प्रमाणित गरेकी छ । लेडी डाक्टरले जाँचपछि उसलाई गर्भवती भएको सूचना दिएकी छ । डाक्टरका सूचनाले उसलाई अत्यन्त हर्षित बनायो । इन्द्रमायाले समाजको मूल्य मान्यता विपरीत अन्य पुरुषको गर्भधारण गरेर पतिलाई मात्र होइन सिगों समाजका विरुद्ध नै प्रतिरोध गरेकी छ । इन्द्रमायाको पति र प्रेमलाई हेर्ने दृष्टिकोण भिन्न रहेको छ । उसले नारी शरीरलाई धर्तीसँग तुलना गर्दै रमेशबाट बीज धारण गरेर  पनि पतिलाई प्रेम गर्न सकिन्छ भन्ने नवीन मान्यता प्रस्तुत गरेकी छ जुन कुरा सामाजिक मर्यादा  विपरीत रहेकाले समाजले स्वीकार गर्दैन ।

## तेस्रो घुम्तीमा अभिव्यक्त पुरुषसत्ता र प्रतिरोधी चेतना

उपन्यासको तेस्रो घुम्तीमा पनि पितृसत्ता जीवित रहेको देखिन्छ । रमेशले शरीर भोग नगर्दासम्म इन्द्रमायासँग निकै नजिक रह्यो जब इन्द्रमायाको पेट बढ्दै गयो तब उसले अनेक बहानाबाजी गरेर टाढिदै

गएको कुरा "म गर्भवती हुने बित्तिकै रमेशको आचरणमा परिवर्तन आउन थालेको कुरामा लक्ष्य गरेकी थिएँ (पृ.५२)"। भन्ने इन्द्रमायाको कुराले पुष्टि गर्दछ । रमेशले इन्द्रमायाको मांस शरीरमा निकै खेल्यो । उसले आफ्नो यौन सन्तुष्टि पूरा गरेपछि मात्र घर सम्झिएको छ । रमेशले इन्द्रमायालाई गर्भवती बनाएपछि टाढिँदै जानु पितृसत्तात्मक मानसिकता हो पुरुषका यस्तै कारणले गर्दा नारीहरू लैङ्गिक उत्पीडनमा परेका छन् । रमेशले इन्द्रमायालाई पेट बोकाएपछि मात्र घरतिर ध्यान दिएको कुरालाई "हेर न इन्द्रा ! बाहिर केही न केही परीपरी आउँछ, मैले पनि त घर चटक्क बिर्सन भएन नि होइन त ?(पृ.५३)" भन्ने कुराले पुष्टि गर्दछ । इन्द्रमायालाई सुत्केरी व्यथाले च्यापेपछि अस्पताल भर्ना भएकी छ भने पीताम्बर जेलबाट छुटेपछि घरमा आउँदा बूढीकी नातिनीमार्फत इन्द्रमायाका कुरा थाहा पाएपछि अस्पतालमा गए पनि त्यहाँ उसले केही भनेको छैन । घरमा आएपछि बिस्तारै उसले इन्द्रमायालाई पोलाहाको पेट बोकेर छोरी पाएकी भन्दै पतित बनाएको छ । पीताम्बरले इन्द्रमायालाई आफ्नै पतिको मात्र गर्भ बोक्नु पर्छ भन्नु पितृसत्तात्मक मूल्य मान्यता हो । देसको आमूल परिवर्तनका लागि क्रान्तिमा होमिएको पीताम्बरले इन्द्रमायाले गरेको सामाजिक क्रान्तिलाई सामाजिक विकृति मानेको छ । उसले रमेशको सम्बन्धबाट जन्मेकी इन्द्रमायाकी रमालाई छोरी भनेर स्वीकार्न तयार छैन । राजनीतिक रूपमा देसमा क्रान्ति गर्न अग्रसर नायक पीताम्बर सामाजिक परिवर्तनका लागि बोधो नै सावित भएको छ भन्ने कुरा "मेरो पनि आफ्नो कर्तव्य छ र त्यसको मैले विचार गर्नै पर्छ । तिमीजस्तो -तिमीहरू स्वास्नी मानिसजस्तो अनुत्तरदायी हामी पुरुष कहाँ हुन सक्छौँ र ?" (पृ.६०) । भन्दै इन्द्रमायालाई मात्र नभई सम्पूर्ण नारी जातिलाई अनुत्तरदायी मान्नु पितृसत्ताको मानसिकता हो । पीताम्बरको लोकाचारको व्यवहारलाई "पीता ! त्यस दिन तिमीले आउनु नैं पनि केको खाँचो थियो र यदि तिमीलाई अनिच्छा थियो भने ?" (पृ.५४) भन्ने आशयमा पीताम्बरको आडम्बरप्रति इन्द्रमायाले प्रतिरोध गरेकी छ । उसले पीताम्बरबाट आत्मिक प्रेम खोजेकी थिई तर पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसका विचार नै गलत सावित भए । सामाजिक रूपमा क्रान्तिकारी देखिन अस्पतालमा इन्द्रमायालाई भेट्न गएको पीताम्बरलाई इन्द्रमायाले "मेरा प्रति कर्तव्य गर्ने तिमीलाई कुनै खाँचो छैन पीताम्बर" (पृ.६०) आफ्ना लागि पीताम्बरले कुनै भूमिका वा कर्तव्य निभाउनु नपर्ने प्रतिरोधी विचार व्यक्त गरेकी छ । पीताम्बरले इन्द्रमायालाई रमेशसँग सहवास गरेर छोरी जन्माउनु समाजको परम्परा विपरीत मानेको छ । ऊ राजनीतिक व्यक्ति भएकाले समाजमा क्रान्तिकारी देखिनका लागि इन्द्रमायालाई घरबाट निकाली हाल्दैन तर रमेशसँगको यौन सम्बन्धलाई टिप्पणी गरिरहन्छ । पीताम्बरको पितृसत्तात्मक चिन्तनका विरुद्ध इन्द्रमायाले "म सती वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो । तिम्रो वास्ता त मेरो प्रेमसँग मात्र हुने होइन त पीताम्बर ?" (पृ.६८) । पीताम्बरलाई नारी स्वतन्त्रताका बारेमा सजग गराएकी छ । इन्द्रमायाका दृष्टिमा प्रेम र सतित्व फरक कुरा हुन् । इन्द्रमायाले नारीलाई सति र असति समाजले बनाएको धारणा राख्दै त्यस विचारसँग पीताम्बर रुमलिरहेको कुरा उल्लेख गरेर प्रेम व्यक्तिबाट अभिव्यक्त हुने र त्यसको रसपान पनि व्यक्तिले नै गर्दछ भन्ने मान्यता राख्दछे । पीताम्बरले इन्द्रमायाकी छोरीलाई अनाथालयमा राखिदिए वा रमेशको जिम्मा लगाए सम्बन्ध सहज हुने विचार व्यक्त गरेको छ । उसले इन्द्रमायाकी छोरी रमालाई पो दोषी देखेको छ अनाथ बच्चाको के दोष हुन्छ । इन्द्रमायाले रमेशसँग यौन सम्बन्ध राख्नु अवैध हो तर घरमा बच्चाको उपस्थितिले पीताम्बरको मर्यादामा चोट पुग्ने हुनाले उसले बच्चालाई आफ्नो घरबाट निकाल्न चाहेको छ उसको यस्तो विचार पितृसत्ताको उपज हो । पीताम्बरले इन्द्रामायासँग सम्बन्ध बिग्रनको कारण छोरी रमालाई मान्नु लैङ्गिक उत्पीडन हो भने ऊ पति घरबाट निस्केर कर्म गरेर बाँच्न सक्छु भन्नु पितृसत्तात्मक सामाजिक संरचनाको प्रतिरोध हो ।

## निष्कर्ष

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* उपन्यासमा पितृसत्ताको सामाजिक संरचनाको प्रभुत्वले नारीको जीवन प्रताडित हुन पुगेको र उसले जन्मघरमा बाबुको लैङ्गिक उत्पीडन सहनुपरेको, बाबुले खोजिदिएको केटासँग विवाह गर्नुपर्ने, उसकै इच्छाबमोजिम चल्नुपर्ने र विवाहित भएपछि पतिको आदेशमा

चल्नुपर्ने, छोराछोरी केकति जन्माउने कुराको निर्णय पतिकै हुने, नारी बच्चा जन्माउने मेसिनजस्तो भए पनि पतिको चाहना अनुरुप बच्चा नजन्मे त्यसको सिकार पनि नारी नै हुनुपर्ने लैङ्गिक उत्पीडनकारी दृष्टिकोण अभिव्यक्त भएको छ । उपन्यासकी नायिका इन्द्रमायाले पितृसत्तात्मक संरचनाका कारण बाबुबाट नै लैङ्गिक उत्पीडन खेप्नुपरेको छ । पतिका घरमा इन्द्रमाया पतिबाट नै लैङ्गिक रूपमा उत्पीडनमा परेको कुरा पीताम्बरले बच्चा नजन्मनु आफू दोषी नभई विना परीक्षण इन्द्रमायालाई बाँझो छ कि भनेबाट पनि पुष्टि हुन्छ । रमेशले एक्ली इन्द्रमायालाई देखेर यौन भोक बढाउनु र कहिले रिसाएर कहिले माया गरेको भ्रम छरेर आफू यौन तृप्त भएपछि टाढिनु लैङ्गिक उत्पीडन गर्नु नै हो । नेवारकी छोरी इन्द्रमायाले बाबुको आदेशको अवज्ञा गरेर पर्वते बाहुन पीताम्बरलाई वरण गर्नु भनेको बाबुको अवज्ञा गर्नु मात्र नभई समाज र सामाजिक मूल्य मान्यताप्रति पनि प्रतिरोध गर्नु हो । इन्द्रमायालाई पीताम्बरले बच्चा जन्माउन नसकेको दोष लगाउँदा रमेशबाट बीज लिएर आफ्नो कोख भरेकी छ । एउटाको पत्नी भइसकेकी नारीले अर्को पुरुषको सम्बन्धबाट बच्चा जन्माउनु अवैध र सामाजिक परम्परा विपरीत मानिन्छ त्यही कार्य गरेर इन्द्रमायाले पितृसत्ताको प्रतिरोध गर्दै आफ्नो मान्यता कायम गरेकी छ । इन्द्रमायाले छोरी र पति एकलाई रोज्नुपर्दा छोरीलाई रोजेर सङ्घर्ष गर्दै बाँच्ने निर्णय गरेकी छ । समाजमा पतिले श्रम गरेर धनसम्पत्ति कमाउने र पत्नीले घर व्यवहार चलाउने परम्परा रहेको छ जुन कुराका विपरीत इन्द्रमाया जीवन सङ्घर्षका लागि पतिको घर त्याग्ने निर्णयमा पुगेकी छ यो पनि एउटी नारीले पितृसत्ताका विरुद्ध गरेको प्रतिरोध नै हो ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०६९ असार).'तीन घुम्ती उपन्यासलाई लैङ्गिक दृष्टिले नियाल्दा'. *गरिमा.* (वर्ष : ३०, अङ्क ७, पूर्णाङ्क ३५५). पृ.३६५-३७३ ।

उप्रेती, सञ्जीव (२०६९). चौथो संस्क. *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स काठमाडौं ।

कोइराला, विश्वेश्वरप्रसाद (२०७१). बाह्रौं संस्क. *तीन घुम्ती.* ललितपुर : साझा प्रकाशन ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौं : सनलाइट पब्लिकेसन ।

ज्ञवाली, पुरुषोत्तम (२०७७). *कविता पौडयालका उपन्यासमा लैङ्गिकता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

ढकाल, रजनी (२०७०).'सांस्कृतिक अध्ययनमा लैङ्गिकता' *भृकुटी.* (सांस्कृतिक अध्ययन विशेषाङ्क भाग १९), पृ.३२७-३३३ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यकोसमाजशास्त्र* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेश (२०७० असार).'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू' *भृकुटी.* (साँस्कृतिक अध्ययन विशेषाङ्क भाग १९). पृ.३३५-३६४ ।

भट्टराई, रमेश (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

वैद्य, मोहन (२०७७). *मार्क्सवादी समालोचना.* काठमाडौं : शमी साहित्य प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६९). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।